# माध्यमिक तहमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीको अध्ययन

डेबिट बहादुर शाही
दोस्रो वर्षको परीक्षा क्रमाङ्क : ४१३००६२/२०६८
त्रि.वि.वि. दर्ता नं. : ९-२-४१३-४२-२००४

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको शोधपत्र (नेपा.शि.५९८) पाठ्यांशको प्रयोजनको लागि प्रस्तुत

शोधपत्र

२०६९

टीकापुर बहुमुखी क्याम्पस
नेपाली शिक्षा विभाग
टीकापुर, कैलाली

# त्रिभुवन विश्व विद्यालय
# टीकापुर बहुमुखी क्याम्पस टीकापुर, कैलाली

## शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय, स्नातकोत्तर तह नेपाली विषयका छात्र श्री डेबिट बहादुर शाहीले **"माध्यमिक तहमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीको अध्ययन शीर्षकको"** शोधकार्य मेरो निर्देशनमा तयार पार्नु भएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्य प्रति म पूर्णरूपमा सन्तुष्ट रहेको छु । अतः यस शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..................................

शोध निर्देशक

उप-प्रा. तिलक देव गिरी

टीकापुर बहुमुखी क्याम्पस

टीकापुर, कैलाली

# कृतज्ञता ज्ञापन

प्रस्तुत **"माध्यमिक तहमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीको अध्ययन"** शीर्षकको शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षण विभाग टीकापुर बहुमुखी क्याम्पस टीकापुर अन्तर्गत नेपाली शिक्षा विषयको स्नातकोत्तर तह एम.एड. दोस्रो वर्षको (नेपा. शि. ५९८) को आंशिक पाठ्यभार परिपूर्तिका लागि तयार पारिएको हो । यो अध्ययन कक्षा दसमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीको प्रयोगसँग सम्बन्धित रहेको छ ।

प्रस्तुत अध्ययनको लागि आवश्यक निर्देशन, सहयोग र सल्लाहा दिनुका साथै अध्ययनीय मार्गमा आइपरेका सम्पूर्ण समस्या र अन्योलपूर्ण स्थितिमा समेत सहज र सचेत रहेर अध्ययनीय कार्यमा उत्साह पूर्वक लाग्न हौसला र प्रेरणा दिई अध्ययनको प्रारम्भदेखि समस्या समाधानको अन्तिम निचोडसम्म सहयोग गर्नु हुने श्रद्देय शोध निर्देशक आदरणीय गुरू उप.प्रा. श्री तिलक देव गिरीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

साथै अध्ययनकै क्रममा शोध प्रस्तावदेखि शोध अध्ययन तयार गर्ने क्रममा सम्भाव्य आवश्यक सामग्री र महत्वपूर्ण जानकारी उपलब्ध गराएर सहयोग गर्नु हुने टीकापुर बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागका मेरा आदरणीय गुरू उप.प्रा. श्री धनकृष्ण उपाध्यायज्यू र उ.प्रा. श्री लय खतिवडाज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधकार्यका लागि आवश्यक सल्लाह र सुझाव प्रदान गर्नु हुने टीकापुर बहुमुखी क्याम्पस टीकापुरका क्याम्पस प्रमुख श्री जगत बहादुर सिंह रावल ज्यू प्रति कृतज्ञता अपर्ण गर्दछु र निरन्तर सल्लाह र सुझाब प्रदान गर्नु हुने अन्य गुरूप्रति पनि कृतज्ञता प्रकट गर्न चाहन्छु ।

आफ्नो अथक परिश्रम र पसिना बगाएर मलाई आज उच्च शिक्षाको ढोका सम्म पुऱ्याउनु हुने मेरा पुज्य बुवा श्री नरध्वज शाही र ममतामयी मुमा श्रीमती शोभा शाही प्रति आजीवन ऋणी छु । यो शोधपत्र लेखनमा उचित सल्लाह प्रदान गर्नु हुने मेरा आदरणीय दाजु श्री नवीन शाही, श्री प्रमोद कुमार शाही तथा पुजनीय मामा नवराज शाही, पदम शाही साथै आदरणीय जेठान अबिलाल शाह "अनिल" र मंगल बहादुर शाहप्रति हृदयदेखि नै

आभार प्रकट गर्दछु । त्यस्तै भतिजा तुफान बहादुर शाहीलाई पनि धन्यवाद दिन चाहन्छु । त्यस्तै विभिन्न पठन पाठनको समया अवधीमा आर्थिक सहयोग गर्ने मेरा आदरणीय दिज्जु कोकिला शाह र उर्मिला शाहप्रति पनि आभार प्रकट गर्दछु । शोध कार्यमा आवश्यक टेवा पुऱ्याउने मेरी प्रिय जीवन सँगिनी श्रीमती ललिता शाही र प्यारो छोरा शैलेन्द्र विक्रम शाही "सुजन" लाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

अन्तमा शोधपत्रको अन्तिम रूप दिँदासम्म सामग्री सङ्कलनमा सहयोग गर्नु हुने टीकापुर बहुमुखी क्याम्पसको पुस्तकालयमा रहनु हुने श्री इन्द्र बहादुर रावल, कमला खड्का र रातदिन शुद्ध टङ्कन गरी सहयोग गर्नु हुने मल्टिपल कम्प्युटर कक्ष टीकापुरका पृथ्वीराज ढुङ्गाना र मिलन रत्गैंयालाई विशेष धन्यवाद दिँदै आवश्यक मूल्याङ्नका निमित्त शोधपत्र विभाग समक्ष पेश गर्दछु ।

मिति : २०६९/०६/२१

शोधार्थी

डेबिट बहादुर शाही

# शोधसार

शोध शीर्षक : **माध्यमिक तहमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीको अध्ययन**

शोधार्थी : डेबिट बहादुर शाही

शोध निर्देशक : उप-प्रा. श्री तिलक देव गिरी

विभाग/क्याम्पस : नेपाली भाषा शिक्षा विभाग,
टीकापुर बहुमुखी क्याम्पस टीकापुर, कैलाली

शैक्षिक वर्ष : २०६६/२०६८

पृष्ठ सङ्ख्या : १२+६१+९

जम्मा अध्याय : पाँच

शोध प्रक्रिया

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको (नेपा. शि. ५९८) पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो ।

यो शोधकार्य नेपाली भाषा शिक्षण गर्दा के कस्ता शिक्षण सामग्रीहरू प्रयोग गरिन्छन् ? नेपाली भाषा शिक्षणमा शिक्षक सामग्रीको उपयोगको स्थिति के कस्तो छ ? शिक्षण सामग्री प्रयोगमा के कस्ता समस्या छन् ? उक्त समस्याहरू हटाउन के कस्तो उपायहरू अवलम्बन गर्न सकिन्छ ? भन्ने समस्यामा आधारित छ । माध्यमिक तहमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीको अध्ययनमा विशेष गरी कैलाली जिल्लाका पूर्वी क्षेत्रमा मा.वि. तहको कक्षा दसमा नेपाली भाषा शिक्षणमा प्रयोग गरिएका शिक्षण सामग्रीहरूको परिचय दिनु, शिक्षण सामग्रीहरूको उपयोगको स्थिति पत्ता लगाउनु, आवश्यक शिक्षण सामग्रीहरूको पर्याप्तता र उपयुक्तता पहिल्याउनु र शिक्षण सामग्री प्रयोग सम्बन्धी समस्या तथा समाधानका उपाय खोज्नु जस्ता उद्देश्यहरूमा यो शोधकार्य केन्द्रित रहेको छ ।

यस शोध अध्ययनमा सबै पक्षका वास्तविक तथ्यलाई बाहिर ल्याउन, समय, स्रोत र अन्य सीमाहरू रहेका छन् । त्यसैले प्रस्तुत अध्ययनमा माध्यमिक तह सञ्चालित भएका कैलाली जिल्लाका पूर्वीक्षेत्रका बलिया, चुहा र पथरैया गा.वि.स. का १५ विद्यालयलाई मात्र नमुनाका रूपमा छनोट गरिएको छ । यस अध्ययनलाई सरल यादृच्छिक नमुना छनोट विधि अपनाइएको छ । प्राथमिक स्रोतका रूपमा त्यस क्षेत्रमा सञ्चालित माध्यमिक विद्यालयहरूमा गई विषय शिक्षकसँग गरिएको प्रत्यक्ष छलफल, प्रश्नावली, संवाद, कक्षा अवलोकन तथा विद्यार्थीसँग प्रश्नावली गरी प्राप्त तथ्यहरू र कक्षा अवलोकन फारम र विद्यार्थी प्रश्नावली फारमका माध्यमबाट आवश्यक सामग्री सङ्कलन गरी सत्य तथ्य र वैज्ञानिक रूप दिन तालिकामा समेत देखाई सामान्य व्याख्या विश्लेषण गरिएको छ ।

यस शोध पत्रको अध्याय एकमा शोधको परिचय अन्तर्गत शोधपत्रको शीर्षक, शोधको प्रयोजन, समस्या कथन, शोधको उद्देश्य, पूर्व कार्यको समीक्षा, अध्ययनको औचित्य, अध्ययन विधि, अध्ययनको क्षेत्र र सीमा र शोध पत्रको रूपरेखा समावेश गरिएको छ । दोस्रो अध्यायमा शिक्षण सामग्रीको शैद्धान्तिक परिचय, शिक्षण सामग्रीका प्रकार, शिक्षण सामग्री प्रयोगको महत्त्व र आवश्यकता, नेपाली भाषा शिक्षणमा प्रयोग गरिने शिक्षण सामग्रीका प्रकार, निर्माण र शिक्षण सामग्रीमा हुनु पर्ने विशेषता उल्लेख गरिएको छ ।

अध्याय तिनमा नेपाली शिक्षणमा शिक्षण सामग्रीको वर्तमान स्थिति, विद्यालयमा शिक्षण सामग्री प्रयोगको अवस्था, विद्यालयमा भएका शिक्षण सामग्रीको अवस्था, भौतिक अवस्था, विद्यार्थी सङ्ख्या र कक्षा कोठाको व्यवस्थापन बारेका तथ्यहरू समावेश गरिएको छ । अध्याय चारमा तथ्याङ्कको व्याख्या र विश्लेषणमा प्रश्नावली फारमबाट प्राप्त सूचनाहरूको व्याख्या, विश्लेषण, कक्षा अवलोकनबाट प्राप्त सूचनाहरूको व्याख्या विश्लेषण गरिएको विषय वस्तु समावेश गरिएको छ । जसमा हाल विद्यालयमा रहेका शिक्षण सामग्रीको विविध अवस्था, विद्यार्थी सङ्ख्या अनुरूप तथा आवश्यक रहे बमोजिम शिक्षण सामग्री प्रयोग भए नभएको विषय माथि खोजी गरि विश्लेषण गरिएको छ । प्रश्नावली तथा कक्षा अवलोकनबाट प्राप्त भए अनुरूप सत्य तथ्य शिक्षण सामग्री प्रयोगको अवस्थाको विश्लेषण यसमा गरिएको छ ।

अध्याय पाँचमा उपसंहार अर्न्तगत निष्कर्ष र सुझाब, पेश गर्ने क्रममा निष्कर्षमा भन्नु पर्दा शिक्षण सामग्रीको प्रयोग हुन नसक्नुमा आर्थिक अवस्था कमजोर रहनु, सबै शिक्षकहरू तालिम प्राप्त नभएको, परिश्रमी शिक्षकहरूको मूल्याङ्कन नहुनु, विद्यालयमा शिक्षक निर्देशिका समयमा नपुग्नु, आवश्यक सामग्री प्रयोगमा जोड नदिएको, नेपाली विषयलाई सरल विषयको रूपमा ठानेको तथा शिक्षकहरू आफ्नो पेशामा मात्र सिमित नभई अन्य क्षेत्रमा लागेको निष्कर्ष यसमा प्रस्तुत गरिएको छ ।

सुझाब अन्तर्गत आर्थिक अभाव हटाउन सरकारले व्यवस्था गर्नु पर्ने, तालिम प्राप्त शिक्षकको नियुक्ति दिनु पर्ने, आवश्यक तालिमको व्यवस्था गर्नु पर्ने, नेपाली भाषा शिक्षण गोष्ठीहरू सञ्चालन गर्नु पर्ने, सामग्री प्रयोगमा देखापरेका समस्याहरू माथि छलफल गर्नु पर्ने जस्ता विविध सुझावहरू पेश गरिएका छन् । साथै शोधकार्यको शैक्षिक उपयोगिता, सम्भाव्य शीर्षकहरू र सन्दर्भसूची, अनुसन्धान शोधपत्र समावेश गरिएको छ ।

सन्दर्भ सूची ए.पि.ए. फर्मेटमा राखिएको छ । व्यक्तिगत विवरण परिशिष्ट एक, परिशिष्ट दुई, परिशिष्ट तिन, परिशिष्ट चार र परिशिष्ट पाँच रहेका छन् ।

# विषय सूची

पृष्ठ सङ्ख्या


| | | |
|---|---|---|
| **अध्याय : एक -** | **शोध प्रस्ताव** | **१-११** |
| १.१ | शोध शीर्षक | १ |
| १.२ | शोधको प्रयोजन | १ |
| १.३ | समस्या कथन | १ |
| १.४ | शोध अध्ययनका उद्देश्यहरू | २ |
| १.५ | पूर्वकार्यको समीक्षा | ३ |
| १.६ | अध्ययनको औचित्य र महत्त्व | ६ |
| १.७ | अध्ययन विधि | ७ |
| १.८ | अध्ययनको क्षेत्र र सीमा | १० |
| १.९ | शोधको रूपरेखा | १० |
| **अध्याय : दुई -** | **शिक्षण सामग्रीको सैद्धान्तिक परिचय** | **१२-२७** |
| २.१ | विषय प्रवेश | १२ |
| २.२ | नेपाली शिक्षणमा प्रयोग गर्न सकिने शिक्षण सामग्रीका सामान्य प्रकार (परिचय र वर्गीकरण) | १५ |
| २.३ | मौखिक सामग्री | १५ |
| २.४ | दृश्य सामग्री | १६ |
| २.५ | श्रव्य सामग्री | २३ |
| २.६ | श्रव्य दृश्य सामग्री | २४ |
| २.७ | स्पर्श सामग्री | २५ |
| २.८ | शिक्षक | २५ |
| २.९ | शिक्षण सामग्रीका विशेषताहरू | २६ |

**अध्याय : तिन - नेपाली शिक्षणमा प्रयोग गरिने शिक्षण सामग्रीको वर्तमान स्थिति** **२८-३७**

| | | |
|---|---|---|
| ३.१ | परिचय | २८ |
| ३.२ | विद्यालयमा शिक्षण सामग्री प्रयोगको स्थिति | २९ |
| ३.३ | विद्यालयमा भएका शिक्षण सामग्रीको अवस्था | ३० |
| ३.४ | भौतिक अवस्था | ३२ |
| ३.५ | विद्यार्थी सङ्ख्या | ३४ |
| ३.६ | कक्षा कोठाको अवस्था | ३५ |

**अध्याय : चार - तथ्याङ्कको व्याख्या र विश्लेषण** **३८-५२**

| | | |
|---|---|---|
| ४.१ | परिचय | ३८ |
| ४.२ | शिक्षक र विद्यार्थी प्रश्नावलीबाट प्राप्त सूचनाहरूको विश्लेषण | ३८ |
| ४.३ | कक्षा अवलोकनबाट प्राप्त सूचनाहरूको व्याख्या विश्लेषण | ४८ |
| ४.४ | विद्यार्थीबाट प्राप्त सूचनाहरूको विश्लेषण | ४९ |

**अध्याय : पाँच - उपसंहार** **५३-५८**

| | | |
|---|---|---|
| ५.१ | निष्कर्षहरू | ५३ |
| ५.२ | सुझाबहरू | ५५ |
| ५.३ | शैक्षणिक उपयोगिता | ५६ |
| ५.४ | भावी शोध अध्ययनका लागि सम्भाव्य शीर्षकहरू | ५७ |

**सन्दर्भसूची**

**अनुसन्धान शोधपत्र**

**परिशिष्ट**

# तालिका सूची


| तालिका नं. | | | पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| तालिका १ | : | विद्यार्थी र कक्षाकोठाको व्यवस्थापन | ३६ |
| तालिका २ | : | पढाइ शिक्षणमा शिक्षण सामग्री प्रयोगको अवस्था | ३९ |
| तालिका ३ | : | लेखाइ शिक्षणमा प्रयोग सामग्री | ४० |
| तालिका ४ | : | सुनाइ शिक्षणमा प्रयोग भएका सामग्री | ४२ |
| तालिका ५ | : | शब्दार्थ शिक्षणमा शिक्षण सामग्रीको प्रयोग | ४३ |
| तालिका ६ | : | वर्णविन्यास तथा लेख्य चिह्नमा शिक्षण सामग्रीको प्रयोग | ४४ |
| तालिका ७ | : | विधागत शिक्षणमा शिक्षण सामग्रीको प्रयोग | ४६ |

# सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| गा.वि.स. | : | गाउँ विकास समिति |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| एस.एल.सी. | : | स्कुल लिभिङ सर्टिफिकेट |
| क्र.स. | : | क्रम सङ्ख्या |
| टी.पी.डी. | : | टिचर प्रोफेसनल डिब्लोमेन्ट |
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| त्रि.वि.वि | : | त्रिभुवन विश्व विद्यालय |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |